# स्थानीय राजपत्र

बोगटान फुड्सिल गाउँपालिकाद्वारा प्रकाशित

खण्ड :-४ संख्या :-१३ मिति :-२०७८/१०/०९


## भाग- २

# बालअधिकार संरक्षण कार्यविधि, २०८०

# बालअधिकार संरक्षण कार्यविधि, २०८०

**प्रस्तावना :**

बालबालिकाको संरक्षण, विकास र सहभागिता अभिवृद्धि गर्दै बालअधिकारको सम्मान, पालना, सम्वधर्द्धन, परिपूर्ति एवं बालमैत्री स्थानीय तह निर्माण गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्न बालअधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धि, नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा बालबालिका सम्बन्धी विद्यमान कानुनहरुले परिकल्पना गरेको विषयहरुलाई कार्यान्वयन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐनको परिच्छेद.३ को दफा ११(१) को च, ज, झ, ड र दफा १२(२) को ग ले दिएको जिम्मेवारी कार्यान्वयन गर्न सोही ऐनको दफा १०२ ले दिएको अधिकारी प्रयोग गरि बोगटान फुड्सिल गाउँकार्यपालिकाले यो 'बालअधिकार संरक्षण कार्यविधि, २०८०' जारी गरेको छ ।

## परिच्छेद- १ : प्रारम्भिक

१. **सक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम बालअधिकार संरक्षण कार्यविधि, २०८० रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनुपर्छ ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्छ ।

(ग) "कार्यविधि" भन्नाले बोगटान फुड्सिल गाउँपालिकाद्वारा जारी गरिएको बालअधिकार संरक्षण कार्यविधि, २०७४ सम्झनु पर्छ ।

(घ) "बालबालिका" भन्नाले १८ वर्ष उमेर पूरा नगरेका सबै बालबालिकाहरुलाई सम्झनुपर्छ ।

(ङ) "बालबालिका डेक्स" भन्नाले बोगटान फुड्सिल गाउँपालिले स्थापना गरेका बालबालिकासम्बन्धी काम गर्ने डेक्सलाई सम्झनु पर्छ ।

(च) "सर्म्पक व्यक्ति (Focal Person)" भन्नाले बोगटान फुड्सिल गाउँपालिकाले बालबालिका डेक्समा रही काम गर्न तोकिएको व्यक्तिलाई सम्झनु पर्छ ।

(छ) "बाल संरक्षण समिति" भन्नाले बालबालिकाको आधारभूत अधिकारहरुको संरक्षण तथा सम्वर्द्धन गर्न गठन गरिएका गाउँपालिकास्तरीय, वडास्तरीय र समुदायस्तरीय समितिहरुलाई सम्झनु पर्दछ ।

(ज) "बालमैत्री स्थानीय शासन समिति" भन्नाले बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ बमोजिम गठन भएका समितिलाई सम्झनु पर्छ ।

(झ) "बाल क्लव" भन्नाले विद्यालय तथा समुदायस्तरमा गठन भई गाउँपालिकामा सूचीकृत भएर सञ्चालनमा रहेका बाल समूहहरुलाई सम्झनु पर्दछ ।

(ञ) “संरक्षक तथा संरक्षक शिक्षक” भन्नाले बालक्लवलाई नियमित रुपमा सञ्चालन तथा व्यवस्थापन गर्न सहयोग गर्ने समुदायको हकमा संरक्षक र विद्यालयको हकमा संरक्षक शिक्षक भन्ने बुझ्नु पर्दछ ।

(ट) “बालक्लव सञ्जाल” भन्नाले गाउँपालिका तथा वडास्तरमा गठन भएका बालक्लवहरुको सञ्जाललाई सम्झनु पर्दछ ।

(ठ) “गैरसरकारी संस्था” भन्नाले प्रचलित कानुन बमोजिम स्थापना भएका र स्थानीय तहसँग समन्वय गरी कार्यसञ्चालन गर्ने गैरनाफामूलक सामाजिक संस्था सम्झनुपर्छ ।

(ड) “गाउँपालिका” भन्नाले बोगटान फुड्सिल गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ढ) “प्रमाणपत्र” भन्नाले गाउँपालिकामा सूचिकृत भएका बालक्लवहरुलाई दिइने सूचिकृत प्रमाणपत्र सम्झनु पर्छ ।

(ण) “बाल कल्याण अधिकारी” भन्नाले बालबालिका सम्वन्धी ऐन, २०७५ को दफा ६१ बमोजिम नियुक्त भएको व्यक्ति सम्झनुपर्छ । सो शव्दले बाल कल्याण अधिकारी नियुक्त नभएको अवस्थामा निजले गर्ने काम गर्न तोकिएको व्यक्ति समेत सम्झनु पर्नेछ ।

(त) “अध्यक्ष” भन्नाले बोगटान फुड्सिल गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(थ) “उपाध्यक्ष” भन्नाले बोगटान फुड्सिल गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ ।

(द) “वडा” भन्नाले बोगटान फुड्सिल गाउँपालिकाको वडा सम्झनु पर्छ ।

(ध) “वडाध्यक्ष” भन्नाले गाउँपालिकाको वडाध्यलाई सम्झनु पर्छ ।

(न) “सभा” भन्नाले गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्छ ।

(प) “कार्यपालिका” भन्नाले गाउँकार्यपालिकालाई सम्झनु पर्छ ।

## परिच्छेद- २ : बालमैत्री शासन समिति र डेक्स सम्वन्धी व्यवस्था

**३ बालमैत्री स्थानीय शासन समिति गठन** : (१) बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०७४ ले गरेको व्यवस्थाका आधारमा एक गाउँपालिकास्तरीय बालमैत्री स्थानीय शासन समिति गठन हुनेछ । जसमा निम्नानुसारका सदस्यहरु रहनेछन :

(क) गाउँपालिकाको अध्यक्ष-अध्यक्ष

(ख) गाउँपालिकाको उपाध्यक्ष-उपाध्यक्ष

(ग) गाउँकार्यपालिकाका महिला सदस्यहरुमध्ये कार्यपालिकाले मनोनित गरेको एक जना–सदस्य

(घ) गाउँकार्यपालिका स्वास्थ्य, शिक्षा, महिला तथा बालबालिका, खानेपानी तथा सरसफाई शाखाका प्रमुखहरु-सदस्य

(ङ) गाउँपालिकाभित्र बालबालिकाको क्षेत्रमा काम गरिरहेका गैससमध्येबाट गाउँकार्यपालिकाले मनोनित गरेको व्यक्ति वा गैसस महासंघ गाउँपालिकास्तरीय शाखाको प्रतिनिधि-सदस्य

(च) स्थानीय विद्यालय र स्वास्थ्य व्यवस्थापन समितिहरु मध्येबाट गाउँकार्यपालिकाले मनोनयन गरेको प्रतिनिधि (१/१ जना)-सदस्य

(छ) गाउँपालिकाभित्र सामुदायिक बिद्यालयमा कार्यरत महिला शिक्षिका वा महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट गाउँकार्यपालिकाले मनोनयन गरेको प्रतिनिधि (१ जना) - सदस्य

(ज) गाउँकार्यपालिकास्तरीय बाल सञ्जालका प्रतिनिधि २ जना (कम्तिमा १ जना बालिका समेत) -सदस्य

(झ) महिला र बालवालिकाको क्षेत्रमा काम गर्ने सामुदायिक संस्था वा समूहमध्ये गाउँकार्यपालिकाले तोकेको महिला प्रतिनिधि (१ जना) – सदस्य

(ञ) गाउँकार्यपालिका क्षेत्रमा रहेका प्रहरी कार्यालय/चौकीमध्ये महिला तथा बालबालिका सेल हेर्ने प्रतिनिधि १ जना – सदस्य

(ट) गाउँपालिकाको बाल कल्याण अधिकारी – सदस्य

(ठ) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

४. **बालमैत्री स्थानीय शासन समितिको काम कर्तव्य र अधिकार** : (१) गाउँपालिकास्तरीय बालमैत्री स्थानीय शासन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :

(क) गाउँपालिकाको बालबालिका सम्वन्धि नीतिगत निर्णयहरु गर्ने

(२) गाउँपालिकाको बालबालिका सम्वन्धि योजनाहरुको अन्तिम निर्णय गर्ने ।

(३) गाउँपालिकामा कार्यरत निकायहरुलाई बालबालिका सम्वन्धी कार्यमा समन्वय गरिदिने

(४) गाउँपालिकामा भएका बालबालिका सम्वन्धि कार्यहरुको समग्र अनुगमन गर्ने

(५) गाउँपालिकामा बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति अनुसारका सूचकहरु पुरा गर्न नेतृत्व तथा सहजिकरण गर्ने

(२) बालमैत्री स्थानीय शासन समितिको बैठक वर्षमा कम्तिमा ३ पटक वस्नेछ । बैठकको कार्यवीधि समिति आफैले तय गरे अनुसार हुनेछ ।

५. **बालबालिका डेक्सको स्थापना** : (१) गाउँकार्यपालिकाको कार्यालयमा बालबालिका डेक्स स्थापना गरिने छ । बालबालिका डेक्स सञ्चालन गर्न एक जना कर्मचारीलाई सम्पर्क व्यक्ति तोकिने छ ।

(२) बालबालिका डेक्सको काम, कर्तव्य र संचालन देहाय बमोजिम हुने छः :

(क) सबै प्रकारका बालबालिकाको तथ्यांक र सूचनाको अध्यावधिक गर्ने ।

***"स्पष्टीकरण"*** सबै प्रकारका बालबालिका भन्नाले अपाङ्गता भएका, श्रमिक, सडक बालबालिका, अनाथ, असहाय, अशक्त, मानसिक असन्तुलन भएका र यौनिक अल्पसंख्यक समेतलाई बुझाउँछ ।

(ख) बालक्लव तथा बालक्लव सञ्जालहरुको सूचीकृत गर्ने ।

(ग) बालबालिका, गाउँपालिका र सरोकारवालाहरुबीच सम्बन्ध र समन्वय विस्तार गर्ने ।

(घ) बाल संरक्षण समिति, बालमैत्री स्थानीय शासन समिति, बाल संरक्षक, संरक्षक शिक्षक, बालक्लव, बालक्लव सञ्जालहरुबीच समन्वय सहकार्य गर्ने ।

(ङ) बालअधिकारमा आधारित सहभागितामूलक विधिबाट बालबालिकासँग सम्बन्धित योजना तर्जुमा, कार्यान्वयन र क्रियाकलापहरुमा सहजीकरण गर्ने ।

(च) बालक्लव, बालक्लव सञ्जाल गठन तथा बाल भेलाको सहजीकरण गर्ने ।

(छ) गाउँपालिकाले तोकेको बालबालिका सम्वन्धी अन्य कार्य गर्ने ।

(३) गाउँपालिकाले आवश्यकता अनुसार वडास्तरमा पनि बालबालिका डेस्क स्थापना गर्न सक्नेछ ।

## परिच्छेद्–३ : बाल संरक्षण समिति गठन सम्वन्धी व्यवस्था

६. **बाल संरक्षण समिति गठन** : (१) बोगटान फुड्सिल गाउँपालिकामा देहाय वमोजिमको बाल संरक्षण समिति गठन गरिनेछ :

(क) गाउँपालिकाको उपाध्यक्ष–संयोजक
(ख) संरक्षक शिक्षकहरुमध्येबाट १ जना–सदस्य ।
(ग) महिला स्वास्थ्य स्वयंसेविकामध्येबाट १ जना–सदस्य
(घ) गाउँपालिकामा बालअधिकारको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरुमध्येबाट १ जना–सदस्य
(ङ) गाउँ शिक्षा समितिबाट १ जना–सदस्य
(च) गाउँपालिकास्तरीय बालक्लव सञ्जालको अध्यक्ष–सदस्य
(छ) आदिवासी, जनजाती, अल्पसंख्यक, दलित तथा पिछडिएका वर्ग समुदायको यथासम्भव प्रतिनिधित्व हुने गरी कम्तिमा १ महिला सहित ३ जना–सदस्य
(ज) प्रहरी कार्यालयको प्रमुख–सदस्य
(झ) बाल कल्याण अधिकारी–सदस्य
(ञ) बालबालिका डेस्क हेर्ने सम्पर्क व्यक्ति–सदस्य सचिव

(२) बाल संरक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ :

(क) गाउँपालिकामा विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका तथा सबै बालकालिकाको तथ्याङ्क संकलन गर्ने, अद्यावधिक गर्ने र गाउँपालिकामा पेश गर्ने ।
(ख) गाउँपालिकामा बालबालिकाको क्षेत्रमा कार्यरत संघसंस्था, बालक्लब, मञ्च, समुह, बाल संरक्षण समिति, निगरानी समिति, मेलमिलाप केन्द्र, आपतकालिन संरक्षण केन्द्र लगायतका निकायहरुको फेहरिस्त तयार पार्ने र यस्ता निकायहरुसँग आवश्यक समन्वय, सहकार्य र साझेदारी गरी बाल अधिकारको सम्वर्द्धनात्मक र संरक्षणात्मक कार्यहरु गर्ने गराउने ।
(ग) बालबालिकाको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान गरी संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारका विभिन्न निकायहरु र विकासका साझेदार संस्थासँगको समन्वयमा समुदायमा आधारित कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन गराउन आवश्यक समन्वय गर्ने
(घ) बालबालिकासँग सम्वन्धित योजना तर्जुमा, कार्यक्रमको रेखदेख, अनुगमन, मुल्याङ्कन र निरीक्षण गर्ने ।
(ङ) बालअधिकारको संरक्षण र सम्वर्द्धनका निमित्त चेतना अभिबृद्धि, जागरण सिर्जना गर्ने ।
(च) स्थानीय संघसँस्थालाई बालबालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेरणा, समन्वय र साझेदारी गर्ने ।
(छ) बालबालिका सम्वन्धी कार्यक्रम सञ्चालन गर्नको लागि आवश्यक परामर्श, सुझाव तथा निर्देशन दिने ।
(ज) बालअधिकार हनन्का सम्बन्धमा आएका उजुरीहरुलाई सम्बन्धित निकायमा सिफारिश गरी पठाउने एवं समन्वयकारी भूमिका प्रदान गरिदिने ।
(झ) बालबालिकाको निमित्त आकस्मिक सहयोगको तथा दिगो विकासका लागि श्रोत (आर्थिक, भौतिक तथा मानवीय) व्यवस्था मिलाउने ।
(ज) बाल संरक्षणका विषयमा वकालत गर्ने ।
(झ) शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रको वार्षिक योजनामा समेत बाल संरक्षण सम्वन्धी भूमिका समावेश गर्न सहजीकरण गर्ने ।

(ञ) बाल संरक्षण सम्वन्धी कार्यका लागि आवश्यक पर्ने सेवाहरू गाउँपालिकाबाटै वा गैरसरकारी संस्था वा नीजि क्षेत्रबाट परिचालन गर्न सकिने गरी सूचिकरण तथा सिफारिसको प्रवन्ध मिलाउने ।

(ट) बालबालिकासंग सम्वन्धित दिवसहरु गाउँपालिकास्तरीय निकायहरुसंगको समन्वय तथा सहकार्यमा मनाउने ।

(ठ) वडा बाल संरक्षण समितिहरु, बालक्लव सञ्जालहरु, सरोकारवालाहरु र गाउँपालिकाविच समन्वय,सहकार्य र सम्पर्क गर्ने ।

(ण) गाउपालिकामा बालबालिका सम्वन्धी संपन्न कार्यक्रम कार्यान्वयनको प्रगति पेश गर्ने ।

८ **बाल संरक्षण समितिको वैठक सम्वन्धी कार्यविधि** : (१) समितिका वैठक महिनामा कम्तीमा एक पटक वस्नेछ ।

(२) समितिको वैठकमा बालबालिकाको क्षेत्रमा कार्यरत व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) समितिको बैठकमा कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ । बहुमतको निर्णयलाई बैठकको निर्णय मानिनेछ ।

(४) गाउँपालिकास्तरीय बालसंरक्षण समितिको पदावधी ३ वर्षको रहने छ ।

९. **वडा बाल संरक्षण समितिको गठन** : (१) वडामा देहाय वमोजिमको वडा बालसंरक्षण समिति गठन गरिनेछ :

(क) वडाध्यक्ष : संयोजक

(ख) संरक्षक शिक्षकहरुमध्येबाट १ जना : सदस्य

(ग) महिला स्वास्थ्य कार्यकर्ताहरुमध्येबाट १ जना : सदस्य

(घ) सम्वधित वडामा बालअधिकारको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरुमध्येबाट १ जना : सदस्य

(ङ) विद्यालय व्यवस्थापन समितिबाट १ जना : सदस्य

(च) वडा बालक्लव सञ्जालबाट कम्तिमा १ बालिका सहित २ जना : सदस्य

(छ) आदीवासी, जनजाती, अल्पसंख्यक, दलित तथा पिछडिएका वर्ग समुदायको यथासम्भव प्रतिनिधित्व हुने गरि कम्तिमा १ महिलासहित ३ जना : सदस्य

(ज) वडा बालबालिका डेस्क हेर्ने सम्पर्क व्यक्ति : सदस्य सचिव

(२) वडा बाल संरक्षण समितिको काम, कर्तव्य र अधिकार देहायवमोजिमको हुनेछ :

(क) सम्वन्धित वडामा विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका तथा सबै बालकालिकाको तथ्यांक संकलन गर्ने, अद्यावधिक गर्ने र गाउँपालिकास्तरीय बाल संरक्षण समितिमा पेश गर्ने ।

(ख) वडामा बालबालिकाको क्षेत्रमा कार्यरत संघसंस्था, बालक्लब, मञ्च, समुह, निगरानी समिति, मेलमिलाप केन्द्र, आपतकालिन संरक्षण केन्द्र लगायतका निकायहरुको फेहरिस्त तयार पार्ने र यस्ता निकायहरुसँग आवश्यक समन्वय, सहकार्य र साझेदारी गरी बाल अधिकारको संवर्द्धनात्मक र संरक्षणात्मक कार्यहरु गर्ने गराउने ।

(ग) बालबालिकाको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान गरी गाउँपालिकाका विभिन्न निकायहरु र विकासका साझेदार संस्थासँगको समन्वयमा समुदायमा आधारित कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन गराउन आवश्यक समन्वय गर्ने ।

(घ) बालबालिकासँग सम्बन्धित योजना तर्जुमा, कार्यक्रमको रेखदेख, अनुगमन, मुल्याङ्कन र निरीक्षण गर्ने ।

(ङ) स्थानीय संघसंस्थालाई बालबालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेरणा, समन्वय र साझेदारी गर्ने ।

(च) बालबालिकाको निमित्त आकस्मिक सहयोग तथा दिगो विकासका लागि श्रोत (आर्थिक, भौतिक तथा मानवीय) व्यवस्था मिलाउने ।

(छ) बाल संरक्षणका विषयमा वकालत गर्ने र गाउँपालिकालाई बाल संरक्षणमा प्रभावकारी हुन मद्दत गर्ने ।

(ज) बालक्लव, वडा बालक्लव सञ्जाल, सरोकारवालाहरु र गाउँपालिकाविच समन्वय र सम्पर्क गर्ने ।

(झ) वडामा बालबालिका सम्वन्धी सम्पन्न कार्यक्रम कार्यान्वयनको प्रगति प्रतिवेदन गाउँपालिकामा पेश गर्ने ।

(ञ) बालबालिकासंग सम्वन्धित दिवसहरु वडास्तरीय निकायहरुसंगको समन्वय तथा सहकार्यमा मनाउने ।

१०. **वडास्तरीय बाल संरक्षण समितिको वैठक सम्बन्धी कार्यविधि :** (१) समितिका वैठक दुई महिनामा कम्तीमा एक पटक वस्नेछ ।

(२) समितिको वैठकमा बालबालिकाको क्षेत्रमा कार्यरत व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) समितिको बैठकमा कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ । बहुमतको निर्णयलाई बैठकको निर्णय मानिनेछ ।

(४) वडाभित्र आवश्यकताका आधारमा वडा बालसंरक्षण समितिलाई सहयोग गर्न समुदायस्तरमा बढीमा ७ सदस्यीय बाल संरक्षण समितिहरु गठन गर्न सकिने छ । सो समितिको संयोजक वडा समितिले मनोनित गर्नेछ । उक्त समितिमा बालक्लव, संरक्षक शिक्षक, विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य कार्यकर्ता/स्वास्थ्य स्वयम सेविका, स्थानीय बालअधिकार अभियन्ता मध्येबाट रहनेछन । यो समितिको पदावधि २ वर्षको हुनेछ । यसको उत्तरदायित्व वडा समितिमा निहित रहनेछ ।

(५) वडा बालसंरक्षण समितिको पदावधि ३ वर्षको रहने छ ।

## परिच्छेद्–४ : बालक्लव र बालक्लव सञ्जाल सम्वन्धी व्यवस्था

११. **बालक्लवको गठन** : (१) कक्षा ६ देखि माथी पढाई हुने प्रत्येक विद्यालयमा एक बालक्लव रहने छ । विद्यालयका सबै विद्यार्थीहरु यसका सदस्य रहने छन् ।

(२) बिद्यालयमा रहेका बालबालिकाको भेलाबाट अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, कोषाध्यक्ष १ सहित बढीमा १५ सदस्यीय बालक्लवको कार्यसमितिको चयन हुनेछ, जसमा कम्तिमा ५० प्रतिशत बालिका सहित लैङ्गिक सामाजिक समावेशीकरणको सुनिश्चितता गरिनेछ ।

(३) बालक्लवको गठन तथा अध्यावधिक प्रत्येक वर्षको विद्यार्थी भर्ना अभियानपछि एक महिनाभित्र गरी संरक्षक शिक्षक तोकी विद्यालयको सिफारिस र सम्वन्धित वडाको सिफारिस समेतको आधारमा गाउँपालिकामा सूचिकृत/अद्यावधिक गर्न अनुसूची-१ अनुसारको निवेदन दिनु पर्नेछ ।

(४) गाउँपालिकाले रितपूर्वक आएका बालक्लवहरुलाई सूचीकृत/अद्यावधिकको अनुसूची-२ अनुसारको प्रमाणपत्र र बालक्लवको विधान गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतवाट प्रमाणित गरी बालक्लवहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

(५) उमेरको हकमा बालक्लवमा सदस्य हुनका लागि ११ वर्ष उमेर पुरा भई १८ वर्ष ननाघेको हुनुपर्नेछ ।

(६) बिद्यालय भन्दा वाहिर रहेका बालबालिकाहरुलाई संगठित गर्न समुदायस्तरको बालक्लव गठन गरिनेछ । समुदायमा बिद्यालय बाहिर रहेका बालबालिकाको भेलाले अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, कोषाध्यक्ष १ सहित बढीमा ११ सदस्यीय बालक्लव गठन गर्नेछ । यसरी गठन भएको बालक्लवको गाउँपालिकाले संरक्षक तोकी वडाको सिफारिस सहित एक महिनाभित्र गाउँपालिकामा सुचीकृत हुनुपर्नेछ ।

(७) बालक्लवले बालबालिकाको अधिकारका वकालतका अतिरिक्त शारीरिक, मानसिक, सम्वेगात्मक, सामाजिक विकास, वातावरण, जोखिम न्युनिकरण, सिर्जनात्मक तथा रचनात्मक क्रियाकलापहरुको आयोजना समन्वय, सञ्चालन र सहभागिता गर्नेछन् ।

(८) बिद्यालय र समुदायस्तरको बालक्लवको बैठक प्रत्येक दुई महिनामा एक पटक बस्नेछ ।

(९) बैठकमा संरक्षकको उपस्थिति अनिवार्य हुनुपर्नेछ ।

(१०) बैठकको निर्णय तथा उपस्थिति बैठक पुस्तिका (माइन्युट) उतार गरी राख्नु पर्नेछ ।

१२. **बालक्लव सञ्जालको गठन** : (१) बाल क्लबहरूबीच आपसी समन्वय, सहकार्य बढाउने तथा सवालहरूको सामूहिकीकरण गर्ने र एक आपसबाट सिकाईका अवसर सृजना गर्न बालक्लब सञ्जालको गठन गरिनेछ ।

(२) प्रत्येक वडामा वडास्तरीय बालक्लव सञ्जाल गठन हुनेछ । गाउँपालिकास्तरीय एक बालक्लव सञ्जाल गठन हुनेछ ।

(३) वडास्तरीय बालक्लव सञ्जाल गठन गर्नका लागि वडाभित्र रहेका बिद्यालय र समुदायस्तरका बालक्लवका प्रतिनिधिहरुको भेला आयोजना गर्नु पर्नेछ । वडास्तरीय भेलामा प्रत्येक बालक्लवबाट ५ देखि ७ जना प्रतिनिधि रहनेछन् । प्रतिनिधिहरु छान्दा कम्तीमा ५० प्रतिशत बालिका हुनु पर्नेछ । प्रतिनिधि छान्दा जातजाती र अपाङ्गताको अवस्था पनि ध्यान दिनु पर्नेछ । वडास्तरीय बालक्लव सञ्जालका पदाधिकारी तथा सदस्यहरु भेलाका पदेन प्रतिनिधि हुनेछन् ।

(४) बालक्लवहरूलाई भेलाको मिति भन्दा १५ दिन अगावै सूचना प्रदान गर्नुपर्नेछ। सूचनामा भेलाको मिति, समय र स्थान, भेलामा छलफल हुने विषयहरू, भेलामा आमन्त्रण गरिएको प्रत्येक बालक्लवहरुको प्रतिनिधि संख्या, भेलामा सहभागीका लागि उपलब्ध हुने सेवा र सुविधा समेत खुलाएर पठाउनु पर्नेछ ।

(५) वडास्तरीय बालक्लब सञ्जालको भेलामा सहभागी हुने प्रतिनिधिहरुले आफ्नो बालक्लबमा छलफल गरी निर्णय गरेको, विद्यालयबाट भेलामा सहभागी हुन तथा सञ्जालको नेतृत्वमा प्रतिस्पर्धा गर्न सहमति दिइएको, समुदायस्तरीय बालक्लवको हकमा भेलामा सहभागी हुन तथा नेतृत्वमा प्रतिस्पर्धा गर्न अविभावकको सहमति हुनु पर्नेछ ।

(६) सञ्जालका भेलामा सहभागी हुने बालक्लब प्रतिनिधि उक्त सञ्जालको भौगोलिक क्षेत्रभित्रको बालक्लवमा आवद्ध भएको हुनु पर्नछ ।

(७) वडास्तरीय बालक्लव सञ्जालको नेतृत्व चयन भेलाको सहमतिको आधारमा हुनेछ । सञ्जालमा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष सहित बढीमा १३ सदस्य हुनेछन् । सञ्जालका पदाधिकारी

र सदस्यहरुमा कम्तीमा ५० प्रतिशत बालिकाको प्रतिनिधित्व हुनुपर्नेछ। नेतृत्व चयनमा सहमति कायम हुन नसकेमा प्रजातान्त्रिक बिधि अपनाईनेछ ।

(८) वडास्तरीय बालक्लव सञ्जालका प्रतिनिधिहरुको भेलाले गाउँपालिकास्तरीय बालक्लव सञ्जाल गठन गर्नेछ । गाउँपालिकास्तरीय बालक्लव सञ्जालको भेलामा प्रत्येक वडास्तरको बालक्लव सञ्जालबाट कम्तीमा २ जना बालिका सहित ५ जनाको प्रतिनिधित्व रहनेछ। गाउँपालिकास्तरीय बालक्लव सञ्जालका पदाधिकारी तथा सदस्यहरु भेलाका पदेन प्रतिनिधि हुनेछन् ।

(९) गाउँपालिकास्तरीय बालक्लव सञ्जालमा अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, सहसचिव १, कोषाध्यक्ष १ सहित बढीमा ११ सदस्य रहनेछन् ।

(१०) गाउँपालिकास्तरीय भेला आयोजना सम्वन्धी अन्य शर्तहरु वडास्तरीय बालभेला अनुसार हुनेछ ।

(११) वडास्तरीय र गाउँपालिकास्तरीय बालक्लव सञ्जालको पदावधी २ बर्षको हुनेछ ।

(१२) वडा तथा गाउँपालिकामा गठन भएका बालक्लव सञ्जालहरु गठन भएको एक महिनाभित्र गाउँकार्यपालिकाको कार्यालयमा सूचीकृत गर्नुपर्नेछ ।

(१३) बालक्लव सञ्जालको सूचीकरण/अद्यावधिक सम्वन्धी व्यवस्था अनुसूची-१ र अनुसूची-२ अनुसारनै हुनेछ ।

## परिच्छेद–५ : बिबिध

१३. **प्रतिवेदन पेश गर्ने** : समितिले आफुले गरेको कार्यको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र गाउँपालिकासमक्ष पेश गर्नु पर्नेछ ।

१४. **स्रोतको व्यवस्थापन** : गाउँपालिका तथा वडाले बालअधिकार संरक्षण तथा सम्वर्द्धन कार्य सञ्चालन गर्न योजना निर्माण गरी सो योजनाको कार्यान्वयका लागि आवश्यक वजेट तथा स्रोतको व्यवस्थापन गर्नेछ ।

१५. **प्रोत्साहन पुरस्कारको व्यवस्था** : बाल संरक्षण तथा सम्वर्द्धन कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति बालक्लव, सञ्जाल तथा संघसंस्थालाई  गाउँपालिकाले उचित प्रोत्साहन पुरस्कार प्रदान गर्न सक्नेछ ।

१६. **कार्यविधिको व्याख्या गर्ने वा वाधा अड्काउ फुकाउने अधिकार** : कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै दुविधा हुन गएमा सोको व्याख्या वा वाधा अडकाउ फुकाउने अधिकार गाउँकार्यपालिकालाई हुनेछ ।

१७. **खारेजी र बचाउ** : यो कार्यविधि बालबालिका सम्वन्धी प्रचलित नेपाल सरकारको कानुनसंग बाँझिन गएमा बाँझिएको हदसम्म यो कार्यविधिमा लेखिएको कुराहरु अमान्य हुनेछ र नेपाल सरकारको कानुनमा लेखिएको कुराहरु मान्य हुनेछ ।

१८.**बाधा नपर्ने** : बालबालिका सम्बन्धी कार्य सञ्चालन गर्दा यो कार्यविधि बमोजिम हुनेछ र यस कार्यविधिमा उल्लेख नभएका प्रक्रियाहरु अवलम्वन गर्दा बालबालिका सम्वन्धी प्रचलित नेपाल सरकारको कानुनमा भएको बालअधिकार संरक्षण र सम्वर्द्धन प्रक्रियाहरु अवलम्वन गर्न कुनै बाधा पर्ने छैन ।

**१९. संसोधन :** यस कार्यविधिमा कुनै संसोधन तथा थपघट गर्न आवश्यक देखिएमा गाउँकार्यपालिकाको बैठकले गर्न सक्नेछ ।

अनुसूची–१

(कार्यबिधिको दफा ११ को उपदफा (३) संग सम्वन्धित)

बालक्लव/सञ्जाल आवद्धताको लागि निवेदनको ढाँचा

मिति : .........

श्री अध्यक्ष ज्यू,
बोगटान फुड्सिल गाउपालिका
चवाराचौतारा, डोटी

विषय : समूह सूचिकृत/आबद्धता गरी पाऊँ

महोदय,

हामीले ...................... नामको बालक्लव खोल्न चाहेकोले .............................. गाउँपालिकावाट स्वीकृत "बालअधिकार संरक्षण कार्यविधि, २०८० को परिच्छेद-४ ले गरेको व्यवस्था बमोजिम बालक्लव/बालक्लव सञ्जाल सुचिकृत/आबद्धता गर्नको लागि देहायको विवरण खोली निवेदन गरेका छौं ।

भवदीय

अध्यक्ष :

**बालक्लव सूचीकृत/आवद्धताका लागि संलग्न कागजातहरु**

१) बालक्लव/सञ्जालको निर्णय

२) वडाको सिफारिस

३) विद्यालयस्तरको बालक्लवको हकमा विद्यालयको सिफारिस

४) बालक्लवको कार्यसमितिको बालबालिकाहरुको जन्मदर्ताको प्रतिलिपी

अनुसूची–१
(कार्यबिधिको दफा ११ को उपदफा (४) संग सम्वन्धित)
बालक्लव/सञ्जाल सूचीकृत/आवद्धताको प्रमाण पत्रण्को ढाँचा

बोगटान फुड्सिल गाउपालिका
चवाराचौतारा, डोटी
सुदूरपश्चिम प्रदेश

आवद्धता नं. मिति

श्री......................................बालक्लव/सञ्जाल

...................................................

डोटी जिल्ला बोगटान फुड्सिल गाउँपालिका वडा नं............को .....................................
विद्यालय/समुदायमा गठन भएको .....................................बालक्लव/वडा/पालिकास्तरमा गठन भएको बालक्लव सञ्जाललाई यस गाउँपालिकामा आवद्धता गरी बालअधिकार संरक्षण कार्यविधि, २०८० को परिच्छेद-४ को दफा ......... ले व्यवस्था गरे अनुसार आवद्धताको प्रमाण पत्र प्रदान गरिएको छ। बालअधिकार संरक्षण र सम्वर्द्धन कार्यमा नेपालको संविधान, बालअधिकार सम्वन्धि अन्तराष्ट्रिय महासन्धि, १९८९ तथा सबै बालबालिका सम्वन्धी कानुनहरुको अधिनमा रही यस पालिकाको बालमैत्री अभियानमा यहाँहरुको सकृय सहभागिताको अपेक्षा गर्दछौ।

प्रमाणित गर्ने

नाम :

पद :

दस्तखत